आज मिति २०७७ साल असोज १३ गतेका दिन कोष तथा लेखा नियन्त्रक कार्यालयको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको संयोजकत्वमा जिल्ला स्थित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुसँगको समन्वय बैठकमा देहाय बमोजिमको पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थित**

| क्र.स. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री वेदप्रसाद अर्याल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| ३. | श्री हेमन्त राज निरौला | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय | |
| ४. | श्री विवस आचार्य | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति | |
| ५. | श्री लिलाराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | मन्थली नगरपालिका | |
| ६. | श्री रामचन्द्र लामगादे | प्रमुख प्रशासकीय अधिकृत | रामेछाप नगरपालिका | |
| ७. | श्री उमा भट्टराई | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय | |
| ८. | श्री इश्वरी प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | उमाकुण्ड गाउँपालिका | |
| ९. | श्री धिराज मरासेनी | प्रमुख प्रशासकीय अधिकृत | दोरम्बा गाउँपालिका | |
| १०. | श्री राममणी काफ्ले | प्रमुख प्रशासकीय अधिकृत | सुनापती गाउँपालिका | |
| ११. | श्री धनेन्द्र भुजेल | प्रमुख प्रशासकीय अधिकृत | लिखु तामाकोशी गा.पा. | |
| १२. | श्री विकास सुन्दास | प्रमुख प्रशासकीय अधिकृत | खाँडादेवी गाउँपालिका | |
| १३. | श्री ओमप्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | गोकुलगंगा गाउँपालिका | |
| १४. | | | | |
| १५. | | | | |
| १६. | | | | |

निर्णयहरु

१. विकास आयोजनाको ठेक्का सम्झौता समयमै सम्पन्न गरी पूँजीगत कार्यक्रमको कार्यान्वयन समयमै सम्पन्न गर्ने ।

२. व्यक्तिगत घटना दर्ता बढाउन उच्च प्राथमिकता दिने, घरदैलो अभियान सञ्चालन गर्ने ।

३. बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षाभत्ता वितरणलाई प्रभावकारी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

४. नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्रिको कार्ययोजना बनाई गाउँ नगरपालिकाबाट स्वीकृत गराई स्वीकृती मापदण्ड अनुरुप ठेक्का वन्दोवस्त गर्ने ।

५. कोभिड-१९ जनस्वास्थ्य सुरक्षाका मापदण्डको पालना प्रभावकारी रुपमा गराउने, अनुगमन गरी प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

६. भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गर्ने, कार्यसम्पादनमा मितव्ययीता पारदर्शिताको अवलम्बनमा जोड दिने ।

७. भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता भवन निर्माण मापदण्ड लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको अनुगमन गरी पालना गर्ने/गराउने ।

८. पालिका भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक भवन, जग्गा अन्य संरचना अतिक्रमण हुनबाट जोगाउने।

९. महिला, बालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका लगायतका सामाजिक संरक्षणका कार्यक्रमको जनचेतना अभिवृद्ध गरी संरक्षणका कार्यक्रम हिंसा न्यूनीकरण, वालविवाह, बहुविवाह निरुत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

१०. कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि देहाय बमोजिम गर्ने ।
- भारत लगायत तेस्रो मुलुकबाट आउने व्यक्तिलाई अनिवार्य क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड बमोजिम जोखिमयुक्त समुदाय व्यक्तिको परीक्षणको व्यवस्था मिलाउने।
- स्वास्थ्य सुरक्षा मापदण्ड पालनाको जनचेतनाको विस्तार गरी नियमित अनुगमन गर्ने ।
- कोभिड-१९ को उपचार, शव व्यवस्थापनको लागि स्थान पहिचान, पालिका भित्रका एम्बुलेन्सको प्रभावकारी परिचालन गर्ने ।

११. स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्माण भएका ऐन, नियम, कार्यविधि मापदण्डको विवरण २ दिन भित्र जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने ।

१२. विपद् व्यवस्थापन र कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा भएको छुट्टाछुट्टै खर्चको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

१३. पालिकाको लेखा, महालेखापरीक्षणबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्ने, आय व्ययको विवरण मासिक सार्वजनिक गर्ने, बेरुजू शून्य पार्ने गरी कार्य सम्पन्न गर्ने ।

१४. स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने ।

१५. सबै कार्यालयहरुले जनताले सुशासनको प्रत्यक्ष अनुभूति गर्न सक्ने गरी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शिता र सेवाग्राहीमैत्री ढंगले सञ्चालन गर्ने । सेवाग्राहीका गुनासाहरुलाई महत्व दिई उचित संबोधनको व्यवस्था मिलाउने । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउने ।

१६. कर्मचारीहरुले अपेक्षित आचरण व्यवहार प्रदर्शन गरी अनुकरणीय बनाउने । कुनै कर्मचारीले गलत आचरण व्यवहार प्रदर्शन गरी जिम्मेवारीबोध नगरेको पाइएमा कार्यालय प्रमुखले विभागीय कारवाहीको लागि प्रक्रिया अगाडी बढाउने । कामकारवाहीमा पारदर्शिता कायम गर्ने, समय पालना, नियमितता जस्ता आधारभूत पक्षहरुको कडाइका साथ कार्यान्वय गर्ने ।

१७. स्थानीय तहको आ.व. २०७६/७७ को बार्षिक हिसाव भिडान तथा प्रतिवेदन सम्बन्धमा तयार भएको महालेखा नियन्त्रक कार्यालयको निर्देशन बमोजिम गर्ने/गराउने ।